## अनुसूची २

**(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धीत)**

चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ७ मिति : २०८२/०९/१२

**भाग-२**

# मनास्लु दिवस मनाउने कार्यक्रम (संचालन तथा व्यवस्थापन ) कार्यविधि २०८२

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

# मनास्लु दिवस मनाउने कार्यक्रम( संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

कार्यपालिकाबाट स्विकृत मिति :२०८२/०९/१२

प्रस्तावना: नेपाल प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटनको धनी देश हो। हिमालहरू नेपालको पहिचान मात्र नभई राष्ट्रिय गौरवका प्रतीक पनि हुन्। तीमध्ये मनास्लु हिमाल विश्वको आठौँ अग्लो हिमालको रूपमा परिचित छ, जसले देशको पर्यटन प्रवर्द्धन, स्थानीय अर्थतन्त्रको विकास तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको छविलाई उचाइमा पुऱ्याउन महत्त्वपूर्ण योगदान दिएको छ । मनास्लु हिमालको पहिलो सफल आरोहण सन् १९५६ मे ९ मा तोसियो ईमानुशी र ग्याल्जेन नुर्वु शेर्पाले सफल आरोहण गरेको ऐतिहासिक उपलब्धिलाई स्मरण गर्दै हरेक वर्ष "मनास्लु दिवस" मनाउदै साहसिक पर्यटन प्रवर्द्धन, हिमाली क्षेत्रको संरक्षण, स्थानीय संस्कृति र परम्पराको संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि गर्न भूमिका खेल्न बान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(७) र चुमनुब्री गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७५ को दफामा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले मनास्लु दिवस मनाउने कार्यक्रम (संचालन तथा व्यवस्थापन ) कार्यविधि२०८२" जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम मनास्लु दिवस मनाउने कार्यक्रम (संचालन तथा व्यवस्थापन)कार्यविधि२०८२" रहेको छ ।

(२) यो निर्देशिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "दिवस " भन्नाले मनास्लु दिवस सम्झनु पर्छ ।

ख) मुल समिति" भन्नाले दफा (३) वमोजिमको समिति सम्झनु पर्छ ।

ग) "प्रमाणपत्र" भन्नाले समितिबाट उपलब्ध गराइने सम्मानपत्र सम्झनुपर्छ ।

घ) स्थनीय तह" भन्नाले चुमनुब्री गाउँपालिका लाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

**३. यस कार्यक्रमको उद्देश्य तपशिल वमोजिन हुनेछन् ।**

(क) मनास्लु हिमालको ऐतिहासिक महत्वको सम्मान गर्नु

(ख) पर्वतारोहण क्षेत्रको प्रवर्द्धन गर्नु ।

(ग) स्थानीय संस्कृति र पर्यटनको विकासमा टेवा पुऱ्याउनु ।

(घ) नयाँ पुस्तालाई साहसिक पर्यटनप्रति प्रेरित गर्नु।

(ङ) पर्वतारोहीलाई सम्मान गर्नु ।

(च) राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा चुमनुब्री गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा चिनाउनु ।

## परिच्छेद ३

## आयोजक समिति सम्बन्धी व्यवस्था

**४. आयोजक समितिः** मनास्लु दिवस सञ्चालनका लागि तपशिल वमोजिमको मुल समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासनिक अधिकृत | सदस्य |
| (घ) कार्यक्रम हुने वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) जिन्सी शाखा प्रमुख | सदस्य |
| (छ) सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| (ज) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

समितिले आवश्यक ठानेमा विज्ञ ,स्थानिय पर्यटन व्यवसायी, संघ सस्थाका प्रतिनिधि, युवा क्लव, आमा समुह, लामा गुरु, नेपाल प्रहरीका सुरक्षाकर्मी को सहयोग लिन बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

**५.आयोजक समितिको काम कर्तव्य र अधिकारः**

(१) समितिको कार्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मनास्लु दिवस मनाउने कार्यक्रमको मूल समिति व्यवस्थापन समितिको रुपमा कार्य गर्न सक्नेछ ।

(ख) निमन्त्रणा ,प्रचार प्रसार लगायतका कार्यहरु गर्ने गराउने ।

(ग) कार्यक्रमका लागि आवश्यक पर्ने प्रमाणपत्र मायाको चिनो खादा माला लगायतका सामाग्री खरिद गर्ने

(घ) कार्यक्रम  योजना तथा तालिका बनाउने ।

(ङ) कार्यक्रम स्थलमा खानपान आवास व्यवस्था गर्ने र सो गर्दा सम्भव भएसम्म स्थानिय स्रोत साधानलाई प्रथामिकता दिने ।

(च) कार्यक्रम संचालन देखि समापन सम्म सम्पुर्ण व्यवस्थापन गर्ने

(ज) कार्यक्रम संचालन गर्दा प्रचलित कानुन वमोजिम पारदर्शिता मितव्यीता र जवाफदेहिता कायम गर्ने /गराउने ।

(झ) अन्य सरोकारवाला  कार्यालय संघ संस्था विद्यालय युवाक्लव आमा समुहको समन्वयमा कार्यक्रम संचालन गर्न ।

(ञ) कार्यक्रम समापन पछि प्रतिवेद तयार पार्ने ।

(ट) बजेट खर्च गर्ने र स्रोत परिचालन गर्ने ।

(ठ) कुनै निकाय तथा संघ संस्था संग लागत साझेदारी मा कार्यक्रम संचालन गर्ने सक्ने ।

(ड) कुनै निकाय तथा संस्था संग कार्यक्रमका लागि सम्झौता गर्ने ।

(ण) कार्यपालिकाले दिएको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

**परिच्छेद ५**

**क्रियाकलाप तथा सहभागी**

**६. कार्यक्रम क्रियाकलाप :**

(क) अन्तराष्ट्रिय पर्वतिय संग्रहालय पोखरामा मनास्लु हिमालको थ्री डि मोडलको  उद्धाटन गर्न सकिनेछ ।

(ख) प्रथम मनास्लु हिमाल आरोही पार्क उद्धाटन गर्ने ।

(ग) पर्वतारोहण सम्बन्धी वृतचित्र प्रदर्शनी गर्न सकिनेछ ।

(घ) फोटो तथा डकुमेन्ट्री प्रदर्शनी गर्न सकिनेछ  ।

(ङ)  पर्वतारोहीहरूसँग अन्तरक्रिया कार्यक्रम गर्न सकिनेछ ।

(च)  सांस्कृतिक कार्यक्रम गर्ने/गराउन सकिनेछ ।

(छ) पर्वतारोहण क्षेत्रमा योगदान गर्ने व्यक्तिहरूलाई विशेष सम्मान कार्यक्रम गर्न सकिनेछ ।

(ज)  मनास्लु हिमालको ऐतिहासिक पृष्ठभूमि प्रस्तुतिकरण गर्न सकिनेछ ।

( झ) विशेष अतिथि तथा पर्वतारोहीहरूको अनुभव आदान–प्रदान गर्न सकिनेछ ।

(ञ) जलवायु परिवर्तन र हिमाल संरक्षण सम्बन्धी गोष्ठी आयोजना गर्न सकिनेछ ।

(ट)डढेलो नियन्त्रण तथा वातावरण संरक्षण विषयमा अभिमुखीकरण गर्न सकिनेछ ।

(ठ) स्थानीय समुदायसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्न सकिनेछ ।

(ड) ट्रेकिङ र पर्यटन सम्बन्धी सुचना स्टलको संचालन गर्न सकिनेछ ।

(ढ)स्थानिय उत्पादन तथा हस्तकला प्रदर्शन गर्न सकिनेछ ।

(ण) स्थानिय जातीय नृत्य तथा संस्कृतिक झांकी प्रदर्शन गर्न सकिनेछ।

(त) परम्परागत पोशाक प्रदर्शन गर्न सकिनेछ।

(थ) पर्वतारोहण सम्बन्धी सीप(डेमो) प्रदर्शन गर्न सकिनेछ।

(द) पर्यटन स्थल तथा गाउँ सरसफाई अभियान संचालन गर्न सकिनेछ।

(ध) वृक्षारोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रम गर्न सकिनेछ।

(न) सफल पर्वतारोही, पर्यटनकर्मी तथा योगदानकर्तालाई सम्मान गर्न सकिनेछ ।

(प)कार्यक्रममा नृत्य झाकी तथा कला प्रदर्शन गर्ने लाई पुरस्कार वितरण गर्न सकिनेछ ।

(फ) कार्यक्रम वारे सामाजिक संजाल अभियान संचालन गर्न सकिनेछ।

(ब)कार्यक्रमलाई समेटेर फोटोग्राफी तयार गर्न सकिनेछ ।

(भ) आगामी वर्षका लागि प्रतिबद्धता सहितको मायाको चिनो वितरण गर्न सकिनेछ ।

(म) कार्यक्रमको प्रचार प्रसारको लागि अघि वा पछि पत्रकार सम्मेलन गर्न सकिनेछ ।

**७. सहभागीहरू :** गाउँपालिकाले कार्यक्रममा तपसिलका महानुभाव तथा अतिथिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

(क) नेपाल सरकारका संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्री ।

(ख) गण्डकी प्रदेश का मुख्यमन्त्री,गोरखा जिल्लाका संघिय तथा प्रदेश सांसद ।

(ग) मनास्लु हिमाल प्रथम आरोहीहरुका परिवार ।

(घ) जिल्ला स्थित संघ / प्रदेश / स्थानीय तह तथा सुरक्षा निकायका कार्यालय प्रमुख वा प्रतिनिधिहरु ।

(ङ) जिल्लाका स्थानीय तहका प्रमुख,उपप्रमुख तथा प्रतिनिधिहरु ।

(च) सरकारी तथा गैरसरकारी निकायका प्रमुख एवं प्रतिनिधी।

(छ) स्थानीय समुदाय ।

(ज) पर्यटन व्यवसायी ।

(झ) आमा समुह।

(ञ) संचारकर्मी।

(ट) युवा क्लब।

(ठ) गुम्बाका लामा गुरुहरु,विद्यालयका प्रधानध्यापक एवं प्रतिनिधि तथा विद्यार्थीहरु ।

**परिच्छेद ६**

**खर्च सम्बन्धी व्यवस्था**

**८. खर्च सम्बन्धी व्यवस्था :**

१. कार्यक्रम व्यवस्थापन : कार्यक्रमको स्रोत चुमनुब्री गाउँपालिका मनास्लु दिवस मनाउने कार्यक्रममा विनियोजन भएको बजेट र अन्य कार्यालय,संघ,संस्था बाट प्राप्त सहयोग रकम हुनेछ । जसबाट कार्यक्रम संचालनका लागि तपसिल बमोजिमका शिषकहरुमा खर्च गर्न सकिनेछ ।

(क) मन्च व्यवस्थापन : व्यानर, मायाको चिनो, सम्मानपत्र ,प्रमाणपत्र, ताम्रपत्र ,साउण्ड सिस्टम, कुर्सि, फर्निचर ,टेवल व्यवस्थापन, स्वयमसेवक व्यवस्थापन (आमा समुह परिचालान ) पुरस्कार, फोटोग्राफि/भिडियोग्राफि, कार्यक्रम अघि र पछि पत्रकार सम्मेलन, भेटघाट, सांस्कृतिक व्यवस्थापन (आर्थिक रकम सहयोग),कार्यक्रम प्रचार प्रसार सामाग्री, ढुवानी खर्च , संचार खर्च ।

(ख) पर्वतारोहण /पर्यटन क्षेत्रमा सहयोग पुर्याउने व्यक्तिलाई सहयोग रकम प्रदान गर्न सकिनेछ ।

(ग) अथिति हेलि उडानमा खर्च गर्न सकिनेछ ।

२. प्रशासनिक तथा व्यवस्थापनका लागि तपसिल बमोजिमका खर्च गर्न सकिनेछ ।

(क) कार्यालय सञ्चालन (कागजपत्र, प्रिन्टिङ, स्टेशनरी) ।

(ख) बैठक भत्ता तथा समन्वय खर्च ।

(ग) कर्मचारी/स्वयंसेवक परिचालन खर्च।

(घ) मन्च निर्माण तथा सजावट ।

(ङ) उद्घाटन तथा समापन कार्यक्रम खर्च।

(च) पोस्टर, ब्यानर, फ्लेक्स प्रिन्टिङ।

(छ) मिडिया प्रचार (रेडियो, टिभी, अनलाइन)।

(ज) सामाजिक सञ्जाल प्रवर्द्धन सामग्री।

(झ) प्रमुख अतिथि तथा विशिष्ट अतिथिको आवास।

(ज) खाना तथा खाजा व्यवस्था।

(झ) स्वागत तथा सम्मान सामग्री (खादा, मायाको चिनो)।

(ञ) सांस्कृतिक समूह/कलाकार पारिश्रमिक।

(ट) पोशाक तथा सांगितिक सामग्री।

(ठ) सांस्कृतिक कार्यक्रम व्यवस्थापन।

(ड) पुरस्कार तथा प्रमाणपत्र/ स्टल निर्माण तथा सजावट।

(ढ) फोटो/भिडियो प्रदर्शनी सामग्री।

(ण)  सुरक्षा व्यवस्था (प्रहरी समन्वय) गर्न सकिनेछ।

(ट) प्राथमिक उपचार सामग्री व्यवस्थापनका लागि स्वास्थ्य चौकी बाट कर्मचारी परिचालन गर्न सकिनेछ।

(ठ) सवारी साधन भाडा।

(ठ) सामग्री ढुवानी खर्च।

(ड) अतिथि तथा सहभागीको यातायात व्यवस्थापन।

(ढ) प्रमाणपत्र/ सम्मानपत्र/ मायाको चिनो

**परिच्छेद ७**

**खर्च मापदण्ड**

**९. कार्यक्रमको आर्थिक पक्ष र खर्चको मापदण्ड :**

१.मसलन्द समाग्री खरिदको  विल अनुसार खर्च उपलब्ध गराईने छ ।

२. खाना खाजाको खर्च चुमनुब्री गाउँपालिका खर्च मापदण्ड २०८२ बमोजिम हुनेछ।

३.आयोजक कर्मचारी तथा पदाधिकारी सहभागीलाई दैनिक भ्रमण भत्ताको व्यवस्था गरिनेछ।

४.कार्यक्रम व्यवस्थापनमा खटिएका कर्मचारी पदाधिकारी तथा सहभागीहरुका लागि कार्यक्रममा आवतजावत कार्यक्रम अवधिभर खाना /खाजा /वासको व्यवस्था गरिनेछ।

५.ताम्रपत्र / प्रमाण पत्र छपाईको लागि नियमानुसार छपाई खर्च उपलब्ध गराईने छ ।

७. समितिको बैठकमा बैठक भत्ता / खाना खाजाको व्यवस्था गरिने छ।

८. कार्यक्रम संचालनका लागि मुल समितिका सदस्य एवं सदस्य सचिव,कर्मचारीले पेश्की लिन सक्नेछन।

## परिच्छेद ८

## विविध

**१०.अमान्य हुने:** यस कार्यविधि कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा वाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

**११. बचाउ :** मनास्लु दिवस मनाउने कार्यक्रम संचालन व्यवस्थापन तथा प्रमाणिकरण सम्बन्धी यस अघि भएका कार्यहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ।

**१२. संशोधन :** चुमनुब्री गाउँकार्यपालिकाले समयानुकुल यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत